# जुगल गाउँपालिका
# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः— ६ | संख्याः— ५ | कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०२/२२ |

भागः—२(ङ)

## जुगल गाउँपालिका जलविद्युत कार्यविधि-२०८०


जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## सामान्य परिचय


नेपाल जलस्रोतको हिसाबले धनी राष्ट्र हो । नेपालको उत्तर भेगमा रहेका ठुला ठुला हिम श्रंखलाबाट बग्ने पानी पहाडी खोंच तथा समथर तराईको भुमि हुँदै भारत तिर बग्ने साना ठुला नदी तथा खोलाहरु कारिब ६ हजार भन्दा धेरै रहेका छन् । जलस्रोत प्रचुर मात्रामा रहेको हुनाले नेपालमा जलस्रोत सम्बन्धी विकासको आधार पनि धेरै रहेको मानिन्छ । कुनै एक अध्ययनले नेपालका विभिन्न नदि/बेसिनहरुबाट सैद्दान्तिक हिसाबले करिब ८३ हजार मेगावाट विद्युत उत्पादन हुन सक्ने देखिए पनि आर्थिक रुपले सम्भाव्य आयोजनाहरुको क्षमता करिब ४२ हजार मेगावाट देखिएको छ।

## जुगल गाउँपालिकाको परिचय

सिन्धुपाल्चोक जिल्लाको हिमाली भेगमा रहेको जुगल गाउँपालिकाको क्षेत्रफल ५९६ वर्ग कि. मी. रहेको छ। यस गाउँपालिकाको पूर्वमा भोटेकोशी गाउँपालिका र बाह्रिबिसे नगरपालिका, पश्चिममा पाँचपोखरी गाउँपालिका, उत्तरमा चिनको सिमाना र दक्षिणमा चौतारा साँगाचोकगढी नगरपालिका र वलेफी गाउँपालिका रहेको छ।जलस्रोतको हिसाबले धनी मानिएको यस गाउँ पालिकामा विभिन्न किसिमका साना तथा ठुला खोलाहरु रहेका छन् (चित्र २)। प्रमुख ब्रह्मायणी, नेसम, बराम्ची, सेलाङ, गोल्चे लगायतका खोलाहरु रहेका छन् । सो खोलाको पानीलाई सिंचाई तथा उर्जा उत्पादन को लागि प्रयोग गर्ने उद्देश्य रहेको छ ।सोहि खोलाहरुबाट करिब २०० मेगा वाट जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ ।




*चित्र १. जुगल गाउँपालिका*




*चित्र २. जुगल गाउँपालिकामा रहेका नदि तथा खोलाहरु*

## प्रस्तावनाः

जलस्रोतमा धनी हुनु र यसको उचित प्रयोग गर्न जलस्रोतको संरक्षण गर्दै जलविद्युत उत्पादन गरी समग्र गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौतिक क्षेत्रको दिगो विकास गर्न आवश्यक तथा वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ध को बुँदा नं ३ बमोजिम जुगल गाउँपालिका भित्रका सबै जलविद्युत अयोजनाहरुलाई सर्वेक्षण, संचालन, व्यवस्थापन, नियमन र अनुगमन गर्ने क्षेत्रमा लागु हुनेछ ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "जुगल गाउँपालिका जलविद्युत कार्यविधि-२०८०" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नियमवाली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

ख) "आयोजना" भन्नाले एक मेगावाट भन्दा साना जलविद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

ग) "कार्यालय" भन्नाले जुगल गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले जुगल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

च) "कार्यविधि" भन्नाले जुगल गाउँपालिका जलविद्युत कार्यविधि-२०८०, सम्झनु पर्छ ।

छ) "लघु जलविद्युत आयोजना" भन्नाले जुगल गाउँपालिकामा रहेका एक मेघावाट सम्मका साना जलविद्युत योजनाहरुलाई सम्झनु पर्छ ।

ज) "लघु जलविद्युत व्यवस्थापन नियमन/अनुगमन समिति" भन्नाले यस कार्यविधि अनुसार जुगल गाउँपालिकाद्वारा गठित लघु जलविद्युत व्यवस्थापन तथा नियमन/अनुगमन समितिलाई सम्झनु पर्छ ।

झ) "विद्युत व्यवस्थापन समिति" भन्नाले जलविद्युत योजनाहरु संचालन तथा व्यवस्थापन गरि रहेका समितिहरु सम्झनु पर्छ ।

ञ) "प्रवर्द्धक " भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-दुई

## जलविद्युत सर्वेक्षण अनुमति पत्र, नवीकरण सम्बन्धी व्यवस्था

**३. विद्युत उत्पादन/प्रसारण/वितरणको सर्वेक्षणको लागि दरखास्त दिनुपर्ने :** विद्युत आयोजनाको अनुमति पत्र सम्बन्धी निर्देशिका, २०७५ मा निहित रहने गरि कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र प्राप्त गर्न विभिन्न कागजात तथा विवरण सहित अनुसुचि १ मा रहेको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ।

**४. १००० कि. वा. सम्मको क्षमतामा आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरणको सर्वेक्षणको अनुमतिपत्र** : १) कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र प्राप्त गर्न अनुसूची-२ अनुसारका कागजात पेश गर्नुपर्नेछ ।

क) विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. २.५ लाख प्रति वर्षका दरले एकमुष्ट रु. ५ लाख अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ। अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएमा उक्त दस्तुर प्रवर्द्धक लाई फिर्ता गरिनेछ ।

ख) दरखास्तका साथ, अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको डिटेल कस्ट ब्रेक डाउन (Detail cost breakdown), कार्य तालिका (अध्ययन सम्पन्न गर्न र शुरुको २ वर्षमा गर्ने अध्ययनको कार्यसहित) आयोजनाको हाइड्रोलोजिकल विश्लेषण आदि खुल्ने गरी तयार पारेको डेस्कस्टडी रिपोर्ट (परामर्शदातृ संस्थावाट प्रमाणित)। साथै नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखांकन गरिएको स्थलरुप नक्सा पेश गर्नु पर्नेछ,

ग) संस्थाले दरखास्त दिंदा संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

घ) उपदफा (३) बमोजिम आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,

ङ) उपदफा (४) बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,

च) प्रवर्द्धक को तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (संचालक समितिको निर्णयबाट तोकिएको), पत्राचार गर्ने स्पस्ट ठेगाना, सम्पर्क टेलिफोन नं. (कार्यलय, निवास), मोवाईल नं., फ्याक्स नं., पो. व. नं., तथा इमेल।

२) जलविद्युत आयोजनाको हकमा देहायको आधारमा जडित क्षमता निर्धारण गरिनेछः

क) "कार्यालयले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको (Probability of Exceedance) प्रोब्याबिलीटि अफ एक्सिडेन्स Q45 (क्यू फोर्टी फाइभ) लाई सामान्यतया आधार बनाउने छ ।

ख) प्रवर्द्धकले पेश गरेको हाइड्रोलोजिकल तथ्यांक कार्यालयमा उपलब्ध आधिकारिक तथ्यांकसँग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।

ग) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसूची १ मा निर्दिष्ट गरेको विधि अनुसार क्षमता निर्धारण गर्नेछ।

घ) प्रवर्द्धकले दरखास्तमा माग गरेको जडित क्षमताभन्दा कार्यालयबाट निर्धारण भएको जडित क्षमता एक मेगावाटभन्दा बढी हुन आएमा पेश भएको दरखास्त रद्द गरि सो को जानकारी प्रवर्द्धकलाई गरिनेछ ।

३) प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न कार्यलय समक्ष निम्न कागजातहरु पेश गर्नु पर्नेछः

क) दर्तावाल (Registered) चाटर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु, दश लाख बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको विवरण ।

ख) एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो प्रवर्द्धकले माग गरेको थप आयोजना कार्यान्यिन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

४) प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न देहाय बमोजिमका कागजात विवरणहरु कार्यालय समक्ष पेश गर्नु पर्नेछः

क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

५) दरखास्तको प्राथमिकता क्रम तथा रितपूर्वक नभएको र माग भएको कागजात समयभित्र पेश नगर्ने प्रवर्द्धकहरुको दरखास्त सम्बन्धमा:

क) कार्यालयले रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिइनेछ ।

ख) कार्यालयमा परेको दरखास्त, उपदफा (१), (२), (३), (४) र (५) बमोजिम चेक जाँच गर्दा उल्लेखित आवश्यक सम्पुर्ण कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दरखास्त उपर स्थानीय निकायले कारवाही अगाडी बढाउने छैन । दरखास्तसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश गर्न १५ दिनको समयावधी प्रदान गरिनेछ । उक्त समयावधी भित्र कागजात पेश नगर्ने प्रवर्द्धकको दरखास्त रद्द गरिनेछ ।

**५) सर्वेक्षण अनुमतिपत्र अवधिः**

क) विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३ (तीन) वर्षको हुनेछ ।

ख) प्रवर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन । शुरुको अवधिभित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्यादभित्रै प्रवर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दरखास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

ग) अनुमतिपत्रको नविकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त दिनु पर्नेछ। सो समयावधीभित्र नवीकरणको लागि दरखास्त नपरेमा उत्त अनुमतिपत्र स्वतः रद्द हुनेछ।

**६) सर्वेक्षण अनुमतिपत्रको नवीकरणः**

क) सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको अवधिभित्रै म्याद थपको लागि रु. २.५ लाख दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।

ख) अनुमतिपत्रको नविकरणको लागि दरखास्त दिंदा यस कार्यविधिको अनुसूची-२ बमोजिम भरिएको फारमहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सो को कारण र औचित्य समेत उल्लेख गर्नुपर्नेछ ।

ग) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रवर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गर्न सक्नेछ ।

घ) माथि उल्लिखित कुनै प्रक्रियाबाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरण गरिने छैन ।

७) **एकैपटक अनुमतिपत्र जारी गर्न सकिने** : प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

**८) एक मेगावाट सम्म क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः**

१) कुनै विद्युत् आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछः

(क) विद्युत् उत्पादनको अनुमतिपत्रको लागि दरखास्त साथ रु. १ लाख अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

(ख) उपदफा २ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धि विवरण,

(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,

(घ) आवश्यकता अनुसार स्वीकृत वातावरणीय अध्ययन (EIA/IEE) प्रतिवेदन,

(ङ) उपदफा ३ बमोजिमको प्रवर्द्धक कम्पनीसँग सम्बन्धित कागजात,

(च) बहाल रहेको विद्यतु खरिद बिक्रीको सम्झौता वा कनेक्शन एग्रिमेन्ट,

(छ) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुनेक्षेत्र तथा ग्राहकको विवरण र

(ज) देहायका विवरणहरु:

(अ) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा coordinate सहितको सक्कल टोपो नक्शा,

(आ) निर्माण कार्यको विस्तृत तालिका,

(इ) आयोजनाको सम्भाव्यता अध्ययन/विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्साहरु तथा सोको विद्युतीय प्रति (Electronic copy)

(ई) अद्यावधिक शेयर लगतको विवरण र सो को विद्युतीय प्रति (Electronic copy)

२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु:

(क) आयोजनामा हुने स्वयम् पूँजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी/विवरण,

(ख) कम्तीमा अघिल्ला दुई आ. व. मध्ये एक आ. व. को लेखा परीक्षण गरिएको वित्तीय विवरण (Audited Financial Statement),

(ग) आयोजनाको स्वपूंजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरकोशये र होल्डरहरुको स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने दर्तावाल (registered) चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात । बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण दर्तावाल (registered) चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी,

(ङ) आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता ।

(३) प्रवर्द्धक कम्पनीसँग सम्बन्धित कागजातहरु

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको अद्यावधिक शेयर लागत अभिलेख,

(घ) अघिल्ला दुई आ. व. मध्ये एक आ. व. को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, बैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत ।

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ । तर Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरीद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्थामा संशोधित संभाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भए पश्चात् सोही क्षमताको लागि विद्युत उत्पादनको अनुमतिपत्रको कारवाही अगाडि बढाइने छ ।

यस अबस्थामा आयोजनाको क्षमता १ मेगावाट भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कारवाहीको लागी विद्युत विकास विभागमा पठाईनेछ ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र जारी भएकै प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न कारवाही गर्न सकिनेछ ।

(६) प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन सकिनेछ ।

(७) विद्यतु उत्पादनको अनुमतिपत्र जारी भएको मितिले तीन वर्षभित्र निर्माण सम्पन्न गर्नु पर्नेछ। १ (एक) वर्षभित्र निर्माण शुरु नभएको पाइएमा उत्पादनको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(८) विद्युत उत्पादनको अनुमतिपत्रको अवधि ३५ वर्ष रहनेछ । उक्त अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा नै नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

**९) रोयल्टी बुझाउनु पर्नेः**

क) अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रुपैंया र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्रि मूल्यको २ (दुई) प्रतिशतका दरले जुगल गाउँपालिकालाई रोयल्टी बुझाउनु पर्नेछ ।

ख) उपदफा (क) मा उल्लिखित अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले प्रति जडित किलोवाट वार्षिक एक हजार रुपैंया र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्रि मूल्यको १० प्रतिशतका दरले जुगल गाउँपालिकालाई रोयल्टी बुझाउनु पर्नेछ ।

**१०) आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण (scoping):**

क) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र माग गरी पेश गरको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताब गरी विभागमा कुनै दरखास्त परे नपरेको, वा केन्द्रिय स्तरमा कुनै आयोजना पहिचान भए नभएको एकिन गर्नका लागी कार्यालयले माग गरको Technical clearance का लागि सो सम्बन्धमा विभागको रायलिनुपर्ने छ । विभागले आयोजनाको Technical clearance सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यालयले अनुमतिपत्र सम्बन्धी कारवाही अघि बढाउनेछ ।

ख) कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्नेछ ।

## परिच्छेद-तीन
## नियमन तथा अनुगमन समिति

**११) जलविद्युत नियमन तथा अनुगमन समितिः**

जुगल गाउँ पालिका भित्रका लघु जल बिद्युत आयोजनाहरुलाई व्यवस्थित तथा नियमन गर्न गाउँ पालिकामा देहाय बमोजिमको नियमन तथा अनुगमन समिति रहनेछः

| | |
|---|---|
| क) गा. पा. उपाध्यक्ष | - अध्यक्ष |
| ख) सम्वन्धित वडा अध्यक्ष (पदेन) | - सदस्य |
| ग) गाउँपालिका अध्यक्षले नियुक्ति गरेको सम्वन्धित विषय विज्ञ (१ जना) | - सदस्य |
| घ) कार्यपालिकाको सदस्य (महिला-१जना) | - सदस्य |
| ङ) शाखा प्रमुख, गाउँपालिका | - सदस्य सचिब |

लघु जल बिद्युत नियमन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार

क) जलविद्युत समितिहरुलाई गाउँ पालिकामा दर्ता गर्न सिफारिस गर्ने,

ख) संचालनमा नरहेका, र निष्क्रिय रहेका समितिहरुलाई भंग गरि कार्यान्वयन गराउने छ,

ग) समिति तथा उपभोक्ता सम्वन्ध विस्तार गर्न सहजीकरण गर्ने,

घ) विद्युत क्षमताको आधारमा परि प्रयोगको मानक बनाई,

ङ) जलविद्युत आयोजनाहरुलाई आवश्यक सहयोग तथा समन्वयको लागि सिफारिस गर्ने ।

**१२) दर्ता गर्नु पर्नेः** जुगल गाउँपालिका भित्र निर्माण हुन लागेका तथा सम्पन्न भई हाल विद्युत सेवा संचालन रहेका वा कुनै कारणवस विद्युत सेवा अवरुद्ध रहेका सवै जलविद्युत संस्थाहरुले, यस कार्यविधि पारित भएको मितिले ३५ दिन भित्र दर्ता गर्नु पर्नेछ । दर्ता गर्नका लागि देहायका कागजात संलग्न गरि आवेदन दिनु पर्नेछ ।

क) विधान र कार्ययोजना,

ख) पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन,

ग) दर्ताको प्रमाण पत्र,

घ) दफा ८ अनुसार आवश्यकीय सम्पुर्ण कागजात

ङ) यस कार्यविधिको अनुसूची-३ बमोजिम शुल्क लाग्नेछ ।

**१३) अनुगमन गर्न सक्ने :**

१) जल विद्युत व्यवस्थापन, नियमन तथा अनुगमन समितिले आवश्यकता ठानेमा तथा सरोकारवाला समुह/उपभोक्ताबाट उजुरी परेको समयमा जलविद्युत आयोजनाको अनुगमन गर्न सक्नेछ ।

२) अनुगमनका क्रममा कुनै सुधारिनु पर्ने कुरा भेटिएमा वा नियम पालन नगरेको पाईएमा सो आयोजनालाई भुल सुधारका लागि जलविद्युत आयोजनालाई पत्र काटीनेछ ।

३) समितिले पत्र काटेको १५ दिन भित्र सो समस्याको समाधान सहितको प्रतिवेदन नियमन तथा अनुगमन समितिमा बुझाउनु पर्नेछ ।

**१४) शाखा खोल्न सक्नेः** गाउँपालिकाले आवश्यकता ठानेको अवस्थामा सहायक पाँचौ वा अधिकृत छैंटौ प्रमुख कर्मचारी रहने गरी गाउँपालिकामा कार्यविवरण सहितको छुट्टै शाखा खोल्न सक्नेछ ।

## परिच्छेद-चार

## वातावरणीय अध्ययन, तथा परिमार्जन सम्बन्धी व्यवस्था

**१५) वातावारण अध्ययनको सम्बन्धमाः**

क) वातावारण संरक्षण नियमावली २०७७ अन्तर्गत १ मेगावाट सम्मको जल विद्युत आयोजनाले प्रारम्भिक वातावारण परिक्षण गर्नु पर्ने प्रावधान रहेकोले सो अध्यनको एक प्रति नियमन तथा अनुगमन समितिलाई समेत बुझाउनु पर्नेछ ।

ख) वातावारण अध्ययन गर्दा गर्नु पर्ने सार्वजनिक सुनुवाईमा समेत सोहि समितिको रोहोबरमा गरिनु पर्नेछ ।

ग) वातावारण अध्ययन सम्बन्धी स्वः अनुगमन प्रतिवेदन प्रत्येक छ महिनामा अनुगमन समिति मार्फत कार्यालयमा बुझाउनु पर्नेछ ।

**१६) वाधा अड्काउ फुकाउ :**यस कार्यविधि अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य जुगल गाउँ कार्यपालिकाले गर्नेछ ।

**१७) परिमार्जन तथा संशोधन :** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# अनुसूची -१

(दफा ३ सँग सम्बन्धित )

**<u>विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त</u>**

श्री अध्यक्ष ज्यू,

जुगल गाउँपालिका, सिन्धुपाल्चोक ।

विद्युत उत्पादनको सर्वेक्षणको लागि विद्युत नियमावली, २०५० को नियम ४ बमोजिम देहायको विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगानाः-

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिमः-

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भएमा जलस्रोतको नामः-

४. सर्वेक्षण गर्ने क्षेत्र :-

| | | |
|---|---|---|
| क) प्रदेश | ख)जिल्ला | |
| ग) गा.पा. | घ) पूर्व | पश्चिम |
| | उत्तर | दक्षिण |

५. सर्वेक्षणको प्रकृतिः-

६. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु...........................
(पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ)

७. सर्वेक्षण गर्ने अवधिः-
मिति ................ देखि मिति ....................सम्म

८. अन्य विवरणहरुः-

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए छाप

दरखास्तवालाको
सहीः-
नामः-
मितिः-
ठेगानाः-

## अनुसूची-२

### विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी दफा ४ को १ अनुसार १००० किलोवाटसम्मको क्षमताको जलविद्युत उत्पादन सर्वेक्षण जानकारीको लागि प्रवर्द्धकले पेश गर्नु पर्ने कागजात र विवारणहरु

| क्र. सं. | कागजात | पेश भएको/नभएको | कैफियत |
|---|---|---|---|
| १. | अनुसूची-१ बमोजिमको दरखास्त | | |
| २. | विद्युत नियमावलीको नियम ४को (क), (ख), (ग) र (घ) बमोजिमको विवारणहरु खुल्ने गरि तयार पारेको Desk Study Report:- | | |
| ३. | परियोजना स्थलको नक्शा (नापी विभागद्वारा प्रकाशित १:२५००० तथा १:५०००० स्केलको स्थलरुप नक्सामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको क्षेत्र तथा जलाधार क्षेत्र समेत रेखांकन गरिएको सक्कल टोपो म्याप (स्थलरुप नक्सा) | | |
| ४. | सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र र उपयोग हुने पानीको परिमाण/ आयोजनाको हाइड्रोलोजिकल विश्लेषण (आयोजनाको जडित क्षमता निर्धारण गर्न hydrological time Series Data को Probability of Exceedance (Q45) लाई आधार बनाउने | | |
| ५. | सर्वेक्षण र निर्माण सम्पन्न गर्न लाग्ने अनुमानित लागत र कुलअवधि (अध्ययनकार्यको कार्य तालिका (work schedule) र अध्ययन कार्यको Detail Cost Breakdown. | | |
| ६. | आयोजनाको कुल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान<br>Capacity (P)= 9.81*hydrology*grosshead*5% headloss*80% efficiency = | | |
| ७. | संस्थाले दरखास्त दिंदा संस्था सम्बन्धी विवरणः<br>संस्थाको दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्बर, प्रवन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि<br>व्यक्तिगत प्रवर्द्धकहरुको हकमाः<br>नागरिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | |
| ८. | आर्थिक क्षमता प्रमाणित हुने कागजातहरु<br>१. दर्तावाल (Registered) चाटर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु, दश लाख बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको विवरण ।<br>२. एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो प्रवर्द्धकले माग गरेको | | |

| | | | |
|---|---|---|---|
| | थप आयोजना कार्यान्यन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता रहेको प्रमाण पेश गर्नु पर्नेछ ।<br>३. संयुक्त उपक्रमबाट आयोजना विकास गरिने भएमा कानुन बमोजिम नँया कम्पनी दर्ता गरेको प्रमाणित कागजातहरु । | | |
| ९. | प्राविधिक क्षमता प्रमाणित हुने कागजातहरु<br>१. प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,<br>२. विदेशी परामर्शदातृ संस्था भएमा त्यस्तो संस्थासँग नेपालमा दर्ता भएको कुनै परामर्शदातृ संस्थासँग आवद्ध भई कार्य गर्ने गरी गरेको सम्झौताका अतिरिक्त संस्था दर्ता भएको कागजातको प्रमाणित प्रतिलिपि ।<br>३. परामर्शदातृ संस्थावाट आयोजनाको कार्यमा सङ्लग्न हुने प्राविधिकहरुको योग्यता तथा अनुभव खुल्ने कागजातहरु (कम्पनी प्रोफाइल)<br>४. परामर्शदातृ संस्थाले विद्युत आयोजना सम्बन्धी गरेको सम्भाव्यता अध्ययन/डिजाइन वा डिटेल प्रोजेक्ट रिपोर्ट तयार गरेको अनुभव खुल्ने कागजातहरु | | |
| १०. | अन्य पेश गर्नु पर्ने कागजातहरु<br>१. प्रवर्द्धकको तर्फवाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको चयन र परिचयपत्र, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क नम्बर (कार्यालय, निवास), PO Box no, Fax no., E-mail आदि<br>२. आयोजनाको लागि माग गरेको क्षेत्र कुनै राष्ट्रिय निकुन्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ति क्षेत्र भित्र पर्ने आयोजनाको हकमा वन तथा भू-संरक्षण मन्त्रालयको सहमति पत्र । | | |

## विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्तका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

| क्र. सं. | कागजात/विवरण | चेक जाँच | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | क) यस कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्त-३ प्रति<br>ख) यस कार्यविधिको दफा ८ को १ को (क) बमोजिमको अनुमतिपत्र दस्तूरवापत बुझाएको सक्कल रसिद | | |
| २. | <u>सम्भाव्यता विश्लेषण</u><br>क) आयोजनाको अध्ययन प्रतिवेदन र Design Drawing तथा सोको soft copy<br>ख) आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखांकन तथा Coordinate सहितको सक्कल टोपो नक्सा<br>ग) निर्माण कार्यतालिका (Construction Schedule) | | |
| ३. | स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन | | |
| ४. | प्रवर्द्धक तथा कम्पनीसँग सम्बन्धित कागजातहरु<br>१. कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,<br>२. स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,<br>३. कम्पनीको अद्यावधिक शेयर लागत अभिलेख,<br>४. अघिल्ला दुई आ. व. मध्ये एक आ. व. को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,<br>५. उद्योग दर्ताको प्रमाणपत्र, बैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत<br>६. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पस्ट ठेगाना (पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एबं सम्पर्क नम्बर | | |
| ५. | विद्युत खरिद बिक्रि सम्झौता सम्बन्धी<br>क) बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रिमेन्ट वा विद्युत खरिद बिक्रिको आशयपत्र | | |
| ६. | परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनिहरुको लगत | | |

| | | | |
|---|---|---|---|
| ७. | **<u>वित्तीय व्यवस्था</u>**<br>क) आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी<br>ख) कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्य एक आर्थिक वर्षको लेखा परिक्षण गरिएको वित्तीय विवरण<br>ग) स्वपूंजी लगानी गर्ने क्षमता पुष्टि हुने कागजातको हकमा आवश्यकता अनुसार देहाय बमोजिम मध्यका कुनै एक विवरण<br>१. आयोजनाको विकास गर्न प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने सम्बन्धमा कुनै स्वदेशी वा विदेशी कम्पनीसँग भएको सम्झौताको Notarized प्रति (जस्तैः MOU वा JV Agreement) तथा प्रवर्द्धक र नयाँ कम्पनीको चार्टड एकाउन्टेन्टवाट प्रमाणित Cumulative Net Worth तथा तल उल्लेखित विवरण MOU वा JV agreement गर्ने नयाँ कम्पनीको हकमा सो कम्पनी जुन मुलुकमा दर्ता भएको हो सो को आधिकारिक रुमा पुष्टि हुने कागजात/विवरण<br>२. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चाटर्ड एकाउन्टेन्टवाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकता अनुसार तल उल्लेखित विवरण<br>क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता<br>ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयर समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा | | |

| | | | |
|---|---|---|---|
| | आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता<br>३. आयोजनामा इक्विटी लगानी गर्न अनुमति प्राप्त गरेको संस्थासँग भएको इक्विटी लगानी सम्झौता तथा तल उल्लेखित विवरण<br>क) इक्विटी लगानी गर्ने वित्तीय संस्था भएको अवस्थाको हकमा जुन मुलुकमा दर्ता भएको हो सोको आधिकारिक रुपमा पुष्टि हुने कागजात/विवरण<br>ख) इक्विटी लगानी गर्ने वित्तीय संस्थाको लगानी गर्न सक्ने क्षमता पुष्टि हुने कागजात<br>४. ऋण लगानीको लागि वित्तीय संस्थासंग ऋण लगानी सम्झौता भइसकेको अवस्थामा इक्विटी लगानी सम्बन्धमा चाटर्ड एकाउन्टेन्टवाट प्रमाणित net worth पुष्टि हुने कागजात तथा आवश्यकता अनुसार तल उल्लेखित विवरण<br>क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता<br>ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजना इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बिच भएको सम्झौता<br>५. यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भईसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी net worth पेश गर्नु पर्ने (नोटः यसअघि लगानी गरिसकेको आयोजना संचालनमा आइसकेको खण्डमा भने | | |

| | | | |
|---|---|---|---|
| | सो आयोजनालाई खाम्ने गरी net worth पेश गर्नु नपर्ने, यस्तो अवस्थामा संचालनमा आएको आयोजना बारे जानकारी गराउनु पर्ने)<br>६. शेयर पूंजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>७. आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसंगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता | | |

**अनुशुची-३**

**पहिले नै दर्ता भई अध्ययन, अनुशन्धान तथा संचालन भएका जलविद्युत आयोजना जुगल गाउँपालिकामा दर्ता तथा नवीकरण गर्ने शुल्क सम्बन्धमा**

| क्र.सं. | आयोजनाको क्षमता (MW) | दर्ता शुल्क ने. रु. | नवीकरण शुल्क ने. रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ≤१ | २०,०००/- | ३,०००/- | |
| २ | १ देखि ४.९९ | ५०,०००/- | ७,५००/- | |
| ३ | ५ देखि १९.९९ | १,००,०००/- | १५,०००/- | |
| ४ | २० देखि माथि | १,५०,०००/- | २२,५००/- | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत